नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १३८ | २०८० साल पुस १६ गते सोमबार (1 Jan. 2024 Monday) | मूल्य रु. ५/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बर्षान्त २०२३ : सन् २०२३.. ३ पृष्ठमा : नागरिक उड्डयन प्राधिकरणको ... ३ पृष्ठमा उत्तर कोरियाली नेता किमद्वारा...

## उच्च अदालत बार एशोसिएशनमा दुई पद बाहेक अध्यक्षसहित लोकतान्त्रिक समूहका बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

कानुन व्यवसायीहरुको साझा संगठन उच्च अदालत बार एशोसिएशनको अध्यक्षमा लोकतान्त्रिक कानून व्यवसायी समूहका कानुन व्यवसायी हरेराम यादव बिजयी भएका छन् ।

उनी प्रगतिशिल पेशागत समावेशी कानून व्यवसायी समुहका तर्फबाट उम्मेदवार बनेका बलराम सिंहलाई १७ मतले पराजित गरि बिजयी भएका हुन् । अध्यक्ष यादवले १ सय ३ मत ल्याए भने सिंहले ८६ मत प्राप्त गरे ।

शनिबार सम्पन्न निर्वाचनमा सचिव र एक सदस्य बाहेक सम्पूर्ण पदाधिकारी लोकतान्त्रिक कानून व्यवसायी समूहका निर्वाचित भएका छन् ।

लोकतान्त्रिक कानून व्यवसायी समूहबाट अध्यक्षसहित उपाध्यक्ष धमेन्द्र यादव र कोषाध्यक्षमा उमाशंकर देव निर्वाचित भए । सोही प्यानलबाट सदस्यहरुमा डा. संतोष कुमार चमन यादव, दिनेश कुमार सिंह, डा. शिव नारायण यादव, रामचन्द्र मण्डल, राज कुमार साह, नित्यदेव प्रसाद यादव, किसुन देव ठाकुर र कौशल किशोर दत्त निर्वाचित भए । यस्तै प्रगतिशिल पेशागत कानुन व्यवसायी समूहबाट सचिवमा दानो कुमारी चौधरी र सदस्यमा राजकुमार टरैत निर्वाचित भए ।



उच्च अदालत बार एशोसिएशनका नवनिर्वाचित अध्यक्ष हरेराम यादव

सह-सचिव पदमा भने दुबै प्यानलबाट उम्मेदवारी नपरेपछी सो पद रिक्त हुन गएको र उक्त पद पछी मनोनयन प्रक्रियाबाट पूर्ती गरिने निर्वाचन समितिले जनाएको छ ।

यसअघि केन्द्रिय पार्षद पदमा डा. देव नारायण यादव, रणधिर कुमार कर्ण, अशोक कुमार झा, बलविर चौधरी, बालाकृष्ण ढुंगाना, मिथलेश चन्द्र लाभ, गुञ्जेश्वर प्रसाद यादव, राम नारायण देव र भुप नारायण यादव निर्विरोध निर्वाचित भइसकेको निर्वाचन समितिका संयोजक धिरेन्द्र कुमार यादवले जानकारी दिए ।

दुई वर्षे कार्यकालका लागी हुने एशोसिएशनको निर्वाचनमा कुल २ सय ३ मतदाता रहेकोमा १ सय ९२ मत खसेको थियो ।

## स्वास्थ्य बीमा गरेकाले उपचार गरेबापत १० प्रतिशत रकम तिर्नुपर्ने

काठमाडौँ, १५ पुस (रासस) ।

स्वास्थ्य बीमा बोर्डले अब उपचारमा लाग्ने १० प्रतिशत रकम (सहभुक्तानी) बीमित बिरामीलाई तिराउने भएको छ ।

बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागू गर्ने कार्यविधि, २०८० ल्याएर स्वास्थ्य सेवा उपभोग गर्दा तोकिएको सेवाका लागि लाग्ने खर्चको १० प्रतिशत रकम सेवा उपभोग गर्ने व्यक्तिले तिर्नुपर्ने बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिनुभयो ।

यसअघि बोर्डमा आबद्ध भएकाले कुनै रकम तिर्नु पर्दैनथ्यो । बीमितलाई रु एक लाख बराबरको उपचार खर्च बीमा बोर्डले व्यहोर्ने गर्दछ । उहाँले अनावश्यक स्वास्थ्य परीक्षणलाई कम गराउन सहभुक्तानी प्रणाली लागू गरिएको बताउनुभयो । "बीमितले अनावश्यकरुपमा स्वास्थ्य परीक्षण गराउन थाले", उहाँले भन्नुभयो, "त्यसलाई कम गरेर आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० प्रतिशत तिराउने निर्णय गरेका हौं ।" उहाँका अनुसार सहभुक्तानी प्रणाली आगामी माघ १ गतेदेखि लागू हुनेछ ।

प्राथमिक स्वास्थ्य केन्द्र र २५ शचयासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले १० प्रतिशत रकम तिर्न नपर्ने उहाँको भनाइ छ । सहभुक्तानी प्रणाली सङ्घीय अस्पताल, २५ शचयाभन्दा माथिका प्रदेश र प्रादेशिक अस्पताल तथा सबै निजी एवं

***बाँकी अन्तिम पृष्ठमा***

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## रौनियार सेवा समितिको वार्षिक साधारण सभा सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

रौनियार सेवा समितिको दोश्रो वार्षिक साधारण सभा आइतबार सम्पन्न भएको छ ।

समितिका जिल्ला अध्यक्ष इन्द्रसागर गुप्ताको अध्यक्षता तथा रौनियार सेवा समिति महासंघका केन्द्रिय महासचिव श्रवणकुमार साह रौनियारको प्रमुख आतिथ्यामा सम्पन्न सभामा स्वजातियहरुको हकहितका लागि समितिले गरिरहेको कार्यलाई अझ तिब्रता दिनुपर्नेमा जोड दिएका छन् ।

वक्ताहरुले स्वजातियहरुको पहिचान, सम्वर्द्धन र संरक्षणका लागि सबै एकजुट भएर जातिय संस्थालाई बलियो बनाउनुका साथै एकढिक्का भएर अघि बढ्नु पर्ने आवश्यकता रहेको उल्लेख गरेका छन् ।

साधारण सभामा प्रमुख अतिथिले जिल्ला कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुलाई दोसल्ला ओढाएर सम्मान गरे भने प्रमुख आतिथिलाई जिल्ला अध्यक्षले दोसल्ला ओढाएर सम्मान गरे ।

यस्तै सभामा समितिका लागि जग्गा प्रदान गरेका जग्गादाता बिजुली कुमार रौनियारलाई पनि सम्मान गरिएको छ ।

सोही सभामा उमेश गुप्ताको अध्यक्षतामा उपाध्यक्ष पंकज गुप्ता, सचिवमा मोहनप्रसाद गुप्ता, सहसचिवमा अनिल गुप्ता र कोषाध्यक्षमा राजेश गुप्ता रहने गरि १५ सदस्यीय रौनियार यूवा समिति समेत गठन गरिएको छ ।

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वास्थ्य नै धन हो, यसप्रति सचेत रहौं

मानवका लागि स्वास्थ्य अति महत्वपूर्ण रहेको छ । यसप्रति हरेक व्यक्ति सम्वेदनशल हुनु जरुरी छ । यस्ता समस्यामाथी सर्वप्रथम स्वास्थ्य क्षेत्रले ध्यान दिनुपर्छ । हरेक व्यक्ति स्वास्थ्य प्रति ध्यान दिएमा बिरामी हुनबाट जोगिन सकिन्छ । स्वास्थ्य नै धन हो भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै हरेक व्यक्ति विहान र साँझपख घर आङ्गन सरसफाई गर्नेतिर ध्यान दिइरहेको हुन्छन् ।

ती फोहरलाई मोहर पनि बनाउन सकिन्छ । प्रत्येक महिना नगरका सरसफाईमा लाखौलाख रुपैया खर्च हुने गर्दछ । सुईपरहरु सडकमा झारु मारिदै गरेको पाईन्छ । जति सरसफाई गरेपनि फोहरको अवस्थामा खासै सुधार नहनुको कारण के हो त ? यस्ता समस्या प्रति हरेक नगरवासीले मनन् गर्नुपर्ने अवस्था छ । नगरको सरसफाई कार्यक्रमा नगरपालिका जति लागेपनि समाधान हुन सकिरहेको छैन । नगरको सरसफाई र नगरवासी बिच नङ्ग र मासु जस्तै सम्बन्ध जोडेको हुन्छ । हरेक वार्डहरुमा यी समस्याले घेरिएका छन् । यस्ता सरसफाई समस्या समाधन गर्नका लागि नगरपालिकाले दैनिक फोहोर संकलन गर्न गाडी र सुईपरहरुलाई खटाएको देखिन्छ । अहिले सडकमा फोहोर संकलन गर्ने कन्टिनर नभएका कारण अधिकांश फोहार सडकमा फोहर संकलन गर्ने कन्टीनर नभएका कारण अधिकांश फोहर सडकका नालामा फ्याकिने गरेको देखिन्छ ।

तसर्थ स्थानीयको सहयोग, चेतना र सक्रियता भए मात्र नगरका सडक र टोलमा सरसफाई कार्य सुधारात्मक बन्न सक्छ । यसका लागि सम्बन्धित निकायले समेत चासो देखाउनु आवश्यक छ ।

# बर्षान्त २०२३ : सन् २०२३ लाई फर्केर हेर्दा

**दिलीप शर्मा/रासस**

अव्यवस्थाका शक्तिहरू बलियो हुँदै जाँदा यो वर्ष विश्व परिदृश्यमा एक कठिन वर्ष भएको छ । पूराना युद्धहरू जारी छन् भने यो बर्ष केही नयाँ मुलुकले पनि युद्धको सामना गर्नुपरेको छ । भू-राजनीतिक प्रतिस्पर्धा बढ्दै जाँदा प्रतिद्वन्द्वी राष्ट्रप्रमुखहरूबीचको बैठक पहिलो पृष्ठको समाचार बन्यो । यद्यपि उनीहरूको वार्ताले थोरै ठोस प्रगति हासिल गऱ्यो । समग्रमा भन्ने हो भने, सुसमाचारको अभाव भएको छ ।

**अन्तरिक्षसम्बन्धी नयाँ कीर्तिमान राख्ने दौड**

यो बर्ष अन्तरिक्ष दौड तातेको देखियो । विश्वका शक्ति राष्ट्रहरूले र कम्पनीहरूले अन्तरिक्षमा नयाँ नयाँ रेकर्ड कायम गर्नेतर्फ आफ्नो आँखा लगाएका छन् । दौडमा बाजी जित्ने होड चलिरहेको छ । विश्वका सत्तरी देशहरूमा अन्तरिक्ष अध्ययनसम्बन्धी निकाय स्थपना भएका छन् भने सोह्र देशले अन्तरिक्षमा यान प्रक्षेपण गर्न सक्छन् । अन्तरिक्ष दौडमा यो बर्ष चन्द्रमा विशेष चासोको विषय बनेको छ । गत अगष्टमा रूसको ल्यान्डर चन्द्रमाको सतहमा ठोक्किएपछि रूसको चन्द्रमाको पछिल्लो अभियान निराशाजनक बनेको थियो । त्यसको केही दिनपछि भारत चन्द्रमामा मानवरहित यान अवतरण गर्ने चौथो देश बनेको थियो भने चन्द्रमाको दक्षिणी ध्रुवीय क्षेत्रमा मानवरहित यान अवतरण गर्ने पहिलो देश बनेको थियो । त्यसको दुई हप्तापछि भारतले सूर्यको अध्ययन गर्ने अभियान चलायो । नासाले सन् २०२५ सम्ममा अन्तरिक्ष यात्रीलाई चन्द्रमामा फर्काउने लक्ष्य राखेको छ । यी र अन्तरिक्षसँग सम्बन्धित अन्य प्रयासहरूले भूराजनीतिक प्रतिद्वन्द्विताले अन्तरिक्षको सैन्यीकरण निम्त्याउने छ कि भन्ने चिन्तालाई बढावा दिइरहेको छ ।

अन्तरिक्षमा बढ्दो चासोले अन्तरिक्ष सञ्चालनलाई नियन्त्रण गर्ने नियमहरूको अभावलाई पनि उजागर गरेको छ । संयुक्त राज्य अमेरिकाले आर्टेमिस सम्झौतालाई 'बाह्य अन्तरिक्षको नागरिक अन्वेषण र प्रयोगलाई नियन्त्रण गर्न' पहलकदमी लिन खोजेको छ । चीन र अन्य धेरै अन्तरिक्ष यात्री देशहरूले यसमा हस्ताक्षर गर्न अस्वीकार गरेका छन् । स्पेसएक्स, ब्लु ओरिजिन र भर्जिन ग्यालेक्टिकजस्ता निजी कम्पनीहरूले अन्तरिक्ष सञ्चालनहरूमा ठूलो भूमिका खेल्ने तथ्यले अन्तरिक्षका लागि नियमहरूले काम गर्नु जटिल छ । यसले लाभको उद्देश्य र राष्ट्रिय दायित्वमाथि प्रश्न उठाउँछ । तर अन्तरिक्ष गतिविधिमा भएको वृद्धिले अन्तरिक्ष जंकको सांसारिक जस्तो देखिने समस्याले आकाशको अन्वेषणलाई जटिल बनाउँछ कि गर्दैन भन्ने प्रश्न पनि खडा गरेको छ ।

**एआईको प्रयोग र बिस्तारमा तीब्रता-**

आर्टिफिसियल इन्टेलिजेन्स ( एआई) को विकास मानव समुदायका लागि मौका र चुनौतीका रूपमा देखिएको छ । यसको विकाससँगै विस्तार र रोक लगाउनुपर्ने स्वरहरू गुन्जिन थालिसकेका छन् । सन् २०२३ मा च्याटजीपीटीको नवीनतम संस्करण यसको पूर्ववर्तीको तुलनामा दस गुणा बढी उन्नत बनेर फैलियो । सरकारहरू, कम्पनीहरू र व्यक्तिहरू यसको क्षमताको दोहन गर्न द्रुत गतिमा अघि बढे । यसले आर्टिफिसियल इन्टेलिजेन्सले मानव सिर्जनशीलता र समृद्धिको नयाँ युगको सुरुवात गरिरहेको छ वा भयानक भविष्य निर्माण गर्ने पान्डोराको बाकस खोल्दैछ भन्ने विषयमा चर्को बहस सुरु गरेको थियो । आशावादीहरूले कसरी एआईले विभिन्न क्षेत्रहरूमा अभूतपूर्व गतिमा वैज्ञानिक सफलताहरू फैलाइरहेको छ, औषधिहरूको द्रुत अनुसन्धान सक्षम पार्दै, चिकित्सा क्षेत्रका रहस्यहरूलाई खोलिदिएको छ र नसुल्झिने गणितीय समस्याहरू समाधान गरिरहेको छ भनेर औंल्याए । आलोचकहरूले यो प्रविधि मानवको क्षमताभन्दा छिटो विकास भइरहेको र यसले निम्त्याउन सक्ने हानिको आँकलन र न्यूनीकरण गर्न सक्ने बताएका छन् । यसले व्यापक बेरोजगारी सिर्जना गरिरहेको, विद्यमान सामाजिक असमानताहरूलाई कडा पारिरहेको, मानवताको लोप हुनुमा मलजल गरिरहेको दावी गरेका छन् । बहस जारी छ र अझै केही बर्ष लम्बिने छ ।

एआईको आलोचकमध्ये एक जेफ्री हिन्टनले कृत्तिम बुद्धिमताको खताराबारे चेतावनी दिन गुगलको जागिर छोडेका थिए भने एलन मस्क र स्टिभ वोज्नियाकजस्ता प्रविधि क्षेत्रका नेताले खुला पत्रमा हस्ताक्षर गर्दै एआईले 'समाज र मानवताका लागि गहिरो खतरा' रहेको चेतावनी दिएका थिए । यसैबीच, सन्देहवादीहरूले एआईको धेरै प्रतिज्ञाहरू कमजोरी हुनेछन् किनकि मोडेलहरूले चाँडै नै उनीहरूको आफ्नै प्रतिफलबारे प्रशिक्षण सुरु गर्नेछन्, जसले उनीहरूलाई वास्तविक मानव व्यवहारबाट सम्बन्धविच्छेद गर्न नेतृत्व गर्दछ । सरकारहरू व्यक्तिगत रूपमा वा सामूहिक रूपमा, एआईका फाइदाहरू दोहन गर्न र यसको जोखिमहरू नियन्त्रण गर्न पर्याप्त द्रुत गतिमा अघि बढिरहेको देखिदैन।

**जलवायु परिवर्तनबारे विश्व बहस-**

संयुक्त अरब इमिरेट्स (युएई) मा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) मा अधिकांश देश नवीकरणीय र हरित ऊर्जा उत्पादनलाई बढावा दिँदै जीवाश्म इन्धनको प्रयोगलाई न्यून गर्दै जाने सहमति भएको छ । कोप-२८ मा हालसम्म गरिएका प्रतिबद्धताले सन् २०३० सम्ममा हरितगृह ग्यास उत्सर्जनमा कमी गर्न आवश्यक पर्ने कार्यमा ३० प्रतिशतले मात्र कमी ल्याउने छ ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन नियन्त्रणसम्बन्धी निकायका अनुसार नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासम्बन्धी प्रतिबद्धतामा १३० देशले हस्ताक्षर गरेका छन् । विश्वको सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जन चीन, विकासशील भारत र प्रमुख ऊर्जा निर्यातकर्ता साउदी अरब र रूसले सम्झौतामा हस्ताक्षर गरेका छैनन् । नवीकरणीय ऊर्जा प्रतिवद्धतापत्रमा २०३० सम्म ११ हजार गिगावाट हरित ऊर्जा क्षमता पुऱ्याउने लक्ष्य राखिएको छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी ( आईईए)ले २०२२-२०२७ बीचमा नवीकरणीय ऊर्जाले विश्वको ऊर्जा क्षमतामा ९० प्रतिशतभन्दा विस्तार हुने जनाएको छ । नवीकरणीय ऊर्जाको बढोत्तरी गर्दै गएर सन् २०५० सम्म शून्य कार्बन उत्सर्जनको नीतिलाई व्यावहारिक रूपमा लागू गर्नसमेत कोप-२८ मासहभागी राष्ट्र तयार देखिएका छन् । नवीकरणीय ऊर्जा करिब २४०० गिगावाट हुनेछ, यो भनेको चीनले आज उत्पादन गरेको सम्पूर्ण ऊर्जा क्षमता हो । हिजो जीवाश्म इन्धनको अत्यधिक उपयोग गर्ने चीन, युरोपेली सङ्घ, अमेरिका, भारतले हालको नीति र बजारमा परिवर्तन गरेका कारण यो सम्भावना बढेको उर्जाविद्हरु बताउँछन् । विकाशोन्मुख देशहरु मात्र होइन, विश्वका औद्योगिक मुलुकहरुमा पनि सौर्य, वायु, जलविद्युत् र जैविक इन्धन भविष्यको ऊर्जाको मुख्य स्रोत हुनेछ ।

**चीन-अमेरिका तनावमा कमी-**

अमेरिका र चीनबीचको तनाव निरन्तर चलिरहेको छ । तर अघिल्ला केही बर्षहरूलाई मूल्याङ्कन गर्ने हो भने सन् २०२३ सुरु भएसँगै अमेरिका र चीनबीचको तनाव कम हुँदै गएको देखिन्छ । अघिल्लो नोभेम्बरमा बालीमा भएको जी-२० शिखर सम्मेलनका क्रममा जो बाइडेन र सी चिनफिङबीच फलदायी भेटवार्ता भएको थियो । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले दुई देशबीच बढ्दो तनावपूर्ण भू-राजनीतिक प्रतिद्वन्द्वितालाई 'गार्डरेल' दिने विषयमा छलफल गर्न फेब्रुअरीमा बेइजिङको भ्रमण गर्ने कार्यक्रम तय भएको थियो । तर त्यसपछि संयुक्त राज्य अमेरिकामाथि एउटा चिनियाँ बेलुन देखा पऱ्यो । यसलाई अमेरिकी वायु सेनाको एफ-२२ राप्टरले दक्षिण क्यारोलिनाको तटमा खसालेको थियो । बेइजिङले मौसमको अनुगमन गर्ने क्रममा बेलुन उडेको दाबी गरेको थियो तर संयुक्त राज्य अमेरिकाले यसलाई अस्वीकार गरेको थियो । यस घटनाले संयुक्त राज्य अमेरिकामा राजनीतिक आवेगलाई बढावा दियो र ब्लिन्केनलाई आफ्नो बेइजिङ भ्रमण स्थगित गर्न प्रेरित गर्यो । सबैभन्दा दुःखको कुरा के छ भने, चिनियाँ अधिकारीहरूले बेलुन खसालेपछि अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले चीनसँग कुटनीतिक टेलिफोन वार्ताका लागि फोन गरे पनि चीनले उहाँसँग तत्काल कुरा गर्न चाहेन ।

शुभेच्छुक राष्ट्रहरूसमेतको लामो कुटनीतिक पहलपछि अमेरिकी विदेश मन्त्रालयका अधिकारीहरूले 'रचनात्मक' वार्ताका लागि ब्लिन्केनलाई चीन पठाउने निर्णय गरे । अन्ततः बहालवाला उच्च अमेरिकी कुटनीतिज्ञ जुनमा बेइजिङ जानुभयो । बेइजिङमा भएका वार्तालापहरूले वासिङ्टनलाई चीनसँगको व्यापारमा थप प्रतिबन्ध लगाउन वा बेइजिङलाई ताइवान, फिलिपिन्स वा एसियामा अमेरिकी सेनामाथिको उत्पीडन कम गर्न राजी गराएनन् । यो दुई राष्ट्रहबीचको सामान्य विवाद नभई रणनीतिक महत्वको विवाद पनि हो । यसको निकास वार्ताबाट सम्भव देख्ने विश्व समुदायले यसलाई बुझेको छ तर पनि यसको मिलनविन्दु खोज्न दुई शक्ति राष्ट्रहरूलाई निरन्तर

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हॅल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# नागरिक उड्डयन प्राधिकरणको नाफा ३ अर्ब ४९ करोड १५ लाख रुपैयाँ

**दैनिक समाचारदाता**
**काठमाडौं, १५ पुस ।**

नेपाल नागरिक उड्डयन प्राधिकरणले गत आर्थिक वर्षमा ३ अर्ब ४९ करोड १५ लाख रुपैयाँ नाफामा गएको छ ।आईतवार नागरिक उड्डयन प्राधिकरणको २५ औँ वार्षिकोत्सव कार्यक्रममा बोल्दै प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले पछिल्लो एक वर्षमा प्राधिकरणको सबै खर्च कटाएर खुद सञ्चालन मुनाफामा ३ अर्ब ४९ करोड १५ लाख रहेको बताएका हुन् ।उनले प्राधिकरणको आय एड्ओटिकलतर्फ ११ अर्ब ७२ करोड १७ लाख तथा नन्एड्ओटीकलतर्फ १ अर्ब ७८ करोड ८६ लाख गरी जम्मा १३ अर्ब ५१ करोड ३ लाख आम्दानी भएको बताए ।

उनले पुँजीगत खर्च तर्फ ७ अर्ब ४४ करोड ३८ लाख,कार्यसञ्चालन खर्चतर्फ ४ अर्ब २२ करोड ९९ लाख ,आयकर तथा अन्य खर्च ४ अर्ब १५ करोड ५ लाख गरी १५ अर्ब ८२ करोड ८३ लाख खर्च भएको उल्लेख गरे । प्राधिकरण स्थापनाको पछिल्लो २५ वर्षमा हवाई उडान १९२ प्रतिशतले वृद्धि भएको छ ।प्राधिकरणका महानिर्देशक अधिकारीले हवाई उडानमा यात्राहरुको संख्या पनि ३६४ प्रतिशत र कार्गो पनि १०० प्रतिशतले वृद्धि भएको बताए । प्राधिकरणको आर्थिक वर्ष २०५६/५७ को आम्दानी ९१ करोड ८४ लाख रहेकोमा आर्थिक वर्ष २०७९/८०मा आइपुग्दा १३ अर्ब ५१ करोड पुगेर १५ गुणाले वृद्धि भएको छ ।

उनका अनुसार गत आर्थिक वर्ष नागरिक उड्डयन प्राधिकरणको आय एड्ओटिकलतर्फ ११ अर्ब ७२ करोड १७ लाख तथा नन्एड्ओटीकलतर्फ १ अर्ब ७८ करोड ८६ लाख गरी जम्मा १३ अर्ब ५१ करोड ३ लाख आम्दानी भएको छ । पुँजीगत खर्च तर्फ ७ अर्ब ४४ करोड ३८ लाख कार्यसञ्चालन खर्चतर्फ ४ अर्ब २२ करोड ९९ लाख,आयकर तथा अन्य खर्च ४ अर्ब १५ करोड ५ लाख गरी १५ अर्ब ८२ करोड ८३ लाख खर्च भएको छ । जसले गर्दा प्राधिकरणको गत वर्षको खुद सञ्चालन मुनाफा ३ अर्ब ४९ करोड १५ लाख रहेको छ । सन् १९९८ वि।स २०५५ को तुलनामा २०२२को फ्लाइट उडान तथ्याङ्क हेर्दा पछिल्लो २५ वर्षमा १९२ प्रतिशतले वृद्धि भयो । हवाई उडानमा यात्राहरुको संख्या ३६४ प्रतिशतले वृद्धि भएको छ ।त्यस्तै कार्गो पनि १०० प्रतिशतले वृद्धि भएको अवस्था छ ।

प्राधिकरण सञ्चालन भएको पाँच वर्ष लगातार घाटामा रहेको आर्थिक वर्ष २०५६र५७ को आम्दानी ९१ करोड ८४ लाख रहेकोमा आर्थिक वर्ष २०७९र८०मा आइपुग्दा १३ अर्ब ५१ करोड पुगेको छ । जुन करिव १५ गुणाले वृद्धि भएको छ । सन् १९९८ मा नागरिक उड्डयन प्राधिकरण स्थापना हुँदा एक अन्तर्राष्ट्रिय विमानस्थलसहित ४४ वटा आन्तरिक विमानस्थल रहेकोमा सन् २०२३ को अन्त्यमा आइपुग्दा ३ अन्तर्राष्ट्रिय विमानस्थलसहित आन्तरिक विमानस्थलको सख्या ५५ पुगेको छ । समिति रात्रिकालीन विमानस्थल अहिले ९ वटा पुगेको छ ।कारोनाका कारण आर्थिक रुपमा धराशायी हुन पुगेको उड्डयन क्षेत्र २०२२मा सुधारोन्मुख हुँदै चालु अवस्थामा रहेको छ । सन् २०२३ डिसेम्बरसम्म हवाई उडानमा यात्रुहरुको संख्या कोभिड पूर्णमा फर्किएको छ ।

सन् २०२२ को नोबेम्बरसम्ममा त्रिभुवन र भैरहवा दुई वटा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय हवाइ यात्रा गर्ने हवाई यात्रुको सख्या २९ लाख ४५ हजार ५ सय ४० रहेकोमा सन् २०२३ नोभेम्बरसम्ममा ३ वटा अन्तर्राष्ट्रिय विमानस्थलबाट हवाई उडानमार्फत यात्रा गर्ने यात्रुको सख्या ४१ लाख ५४ हजार ३९३ रहेको छ ।गत वर्षको सोही अवधिको तुलनामा यात्रुको संख्यामा ४१।०४ प्रतिशतले वृद्धि भएको छ । आन्तरिक उडानतर्फ सन् २०२२ को नोभेम्बरसम्ममा कुल ५६ लाख ६८ हजार ९४१ हवाई यात्रु यात्रा गरेकोमा सन् २०२३ नोम्बेम्बरसम्ममा ७७ लाख ९४ हजार २१७ रहेको छ ।

आन्तरिकतर्फ ३७।४८ प्रतिशतले वृद्धि भएको छ । अन्तर्राष्ट्रिय हवाई उडान गर्ने कम्पनी ३० पुगेको छ । उनले गत वर्षको सोही अवधिको तुलनामा यात्रुको संख्यामा ४१।०४ प्रतिशतले वृद्धि भएको तथ्याङ्क प्रश्तुत गरे । उनले आन्तरिक उडानतर्फ सन् २०२२ को नोबेम्बरसम्ममा कुल ५६ लाख ६८ हजार ९४१ हवाई यात्रु यात्रा गरेकोमा सन् २०२३ नोभेम्बरसम्ममा ७७ लाख ९४ हजार २१७ पुगेर ३७४८ प्रतिशतले वृद्धि भएको उल्लेख गरे ।

## *बर्षान्त २०२३ : ...*

घचघचाइरहेको छ ।

बाइडेन र सीबीच गत नोभेम्बरमा सान फ्रान्सिस्कोमा सन् २०२३ मा भएको एपेक लिडर्स फोरमका क्रममा भेटवार्ता भएको थियो । वार्ताले केही सानातिना सम्झौताहरू दियो तर कुनै ठूलो सफलता हासिल गरेन । मोडस भिभेन्डीको सम्झौताले विश्वका दुई शक्तिशाली देशहरूलाई बेवास्ता गरिरहेको छ ।

**जनसङ्ख्यामा चीनविरूद्ध भारतको बाजी-**

भारत चीनलाई उछिनेर विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देशको रूपमा स्थापित भएको छ । पछिल्लो शताब्दीमा चीन विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको देश रहेको थियो । अहिले भारतको जनसङ्ख्या एक अर्ब ४३ करोड रहेको अनुमान गरिएको छ । सम्भवत: भारत यो शताव्दीको दशकौंसम्म सबैभन्दा बढी जनसङ्ख्या भएको देश रहिरहनेछ । चीनको जनसङ्ख्या भने घट्दै गएको र पाका उमेरका नागरिकको सङ्ख्या बढ्दो देखिएको छ । जनसांख्यिकीविद्हरूका अनुसार शताब्दीको मध्यसम्ममा चीनको जनसङ्ख्या १० करोडले घट्नेछ वा अहिले संसारका पन्ध्र बाहेक सबै देशको जनसंख्याभन्दा बढी हुनेछ । सोही अवधिमा चीनको औसत आयु ३९ वर्षबाट बढेर ५१ वर्ष पुग्नेछ । यसबीच भारतको जनसंख्या मध्य शताब्दीसम्ममा करिब १.७ अर्ब पुग्ने छ र यसको औसत आयु ३९ वर्ष हुनेछ ।

**नागोर्नो-काराबाख-अजरबैजानको कब्जामा-**

यो बर्ष अजरबैजानले नागोर्नो-काराबाखलाई आफ्नो नियन्त्रणमा लिएको छ । सन् १९९१ मा स्वतन्त्र राष्ट्र घोषणा भएको काराबाखमा सोभियत सङ्घको पतनको तीन दशकपछि पनि पराकम्पन महसुस भइरहेको छ । सोभियत सङ्घको पतनबाट उदाएका देशहरूमा सीमाहरू थिए जुन प्राय: राष्ट्रिय समूहहरू बस्ने ठाउँसँग मेल खाँदैनथे र त्यहाँ द्वन्द्वको बीउ छर्न सजिलो थियो । उदाहरणका लागि, अजरबैजानको नागोर्नो-काराबाख क्षेत्र लगभग सम्पूर्ण रूपमा जातीय अर्मेनियालीहरू बसोबास गर्दथे जुन बाकुद्वारा शासित हुन इच्छुक थिएनन् । सन् १९९४ मा रूसी मध्यस्थतामा भएको युद्धविरामसँगै युद्ध समाप्त भएपछि नागोरो-काराबाखले अजरबैजानी भूभागको केही भागसहित स्वतन्त्रता प्राप्त गरेको थियो । सीमापार आक्रमणका बावजुद, सेप्टेम्बर २०२० मा ठूलो मात्रामा युद्ध सुरु नहुञ्जेल युद्धविराम जारी रह्यो । त्यसको छ हप्तापछि रूसले अर्को युद्धविरामको वार्ता गर्‍यो । यसले अजरबैजानलाई नागोर्नो-काराबाखको अधिकांश भागमा नियन्त्रणमा राख्यो । तनाव उच्च रह्यो । सेप्टेम्बर २०२३ मा अजरबैजानले फेरि आक्रमण गर्‍यो । केही दिनभित्रै उसले आफ्नो नियन्त्रणमा नरहेका क्षेत्र माथि कब्जा जमायो र गुमेको उक्त क्षेत्रलाई 'पुन:एकीकरण' सुरु गर्ने घोषणा गर्‍यो । एक हप्ताभित्र, एक लाखभन्दा बढी अर्मेनियालीहरू, वा नागोर्नो-काराबाखको जनसङ्ख्याको लगभग ८५ प्रतिशत भागेर अर्मेनिया पुगे । यस पलायनले आर्मेनियामा आफ्नो सरकार अर्मेनियालीहरूको सुरक्षा गर्न असफल भएको विरोधमा प्रदर्शनहरू निम्त्यायो । अजरबैजानलाई अर्मेनियाली नागरिक विभाजित बनेका समय नियन्त्रण गर्न सहज भयो ।

**सुडान गृहयुद्ध-**

सन् २०२३ मा गृहयुद्धले सुडानलाई तहसनहस बनायो । सुडानमा प्रजातन्त्र आएको वर्षका रूपमा सन् २०२३ लाई घोषणा गरिएको थियो । सुडानी जनताले बरु गृहयुद्धको सामना गरे । सन् २०१९ को अप्रिलमा सुडानको सेनाले लामो समयदेखि तानाशाह ओमार अल बशीरलाई सत्ताच्युत गर्न गरेको प्रदर्शनमा यो द्वन्द्वको जरा गाडेको थियो । नयाँ सैन्य जुन्टाले नागरिक समूहहरूसँग सत्ता साझेदारी गर्न र चुनावको दिशामा काम गर्न एक सम्झौता गरेको छ । यद्यपि, अक्टोबर २०२१ मा सुडानी सशस्त्र बल (एसएएफ) का प्रमुख अब्देल फतह अल-बुरहान र र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) लडाकू समूहका प्रमुख मोहम्मद हमदान "हेमदती" डग्लोले अर्को विद्रोहको नेतृत्व गरे । सुडानमा युद्धविराम प्रयासहरू नभएका होइनन् तर परिणाम ल्याउन सफल हुन सकेका छैनन् ।

**युक्रेन युद्ध-**

सन् २०२३ को सुरुमा युक्रेनी प्रतिआक्रमणले पूर्वी युक्रेन र सम्भवत: क्रिमियामा रुसको पकड तोड्न सक्ने आशा उच्च थियो । बहुप्रतिक्षित प्रतिआक्रमण जुनको सुरुमा सुरु भएको थियो । रूसी सेनालाई ठूलो क्षति पुर्‍याए तापनि युद्धरेखाहरू मुस्किलले हल्लिएका थिए । रूसी सेनाले जाडो र वसन्त ऋतुलाई प्रयोग गरेर शक्तिशाली प्रतिरक्षा तयार पारेको थियो । नोभेम्बरको सुरुमा युक्रेनका शीर्ष जनरलले यो लडाइँलाई 'गतिरोध' को संज्ञा दिएका थिए र 'सम्भवत: कुनै गहिरो र सुन्दर सफलता प्राप्त हुने छैन' भनी स्वीकारेका थिए ।

भयानक क्षतिको बाबजुद, रूसले आक्रमणको सुरुवातको तुलनामा २०२३ को पतनमा युक्रेनमा सैनिकहरूको सङ्ख्या दोब्बर थियो र रूसी अर्थव्यवस्था युद्धस्तरमा थियो । यसैबीच, 'युक्रेनको थकान' पश्चिममा देखा पर्न थालेको छ, विशेष गरी संयुक्त राज्य अमेरिकामा रिपब्लिकन सांसदहरूले कीएभलाई थप सहायता पठाउन अस्वीकार गरेका छन् । दीर्घकालीन प्रवृत्तिले रूसलाई समर्थन गर्न सक्ने सम्भावना बढेपछि युक्रेनलाई अपराधबाट प्रतिरक्षामा जान र युद्धविरामको माग गर्न माग उठ्न थाल्यो । रूसी राष्ट्रपति भ्लादिमिर पुटिन युद्ध रोक्न सहमत हुन्छन् कि हुँदैनन् भन्ने बहसको विषय बनेको छ । विशेषगरी आगामी नोभेम्बरमा हुने अमेरिकी चुनावले युक्रेनसँगको सम्बन्ध तोड्न चाहने राष्ट्रपतिलाई जन्म दियो भने समय आफ्नो पक्षमा आउने पुटिनको विश्वास रहेकोजस्तौ देखिन्छ ।

**गाजा युद्ध-**

सन् २०२३ को सेप्टेम्बरको अन्त्यतिर मध्यपूर्व आशाजनक देखिएको थियो । अब्राहाम सम्झौताले इजरायल र अरब देशहरूबीचको सम्बन्धलाई अझ प्रगाढ बनाइरहेको थियो । साउदी अरबले चाँडै नै इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापना गर्न सक्ने अनुमान गरिएको थियो । यमनको तिक्ततापूर्ण गृहयुद्धमा युद्धविराम भइरहेको थियो । यी प्रवृत्तिहरूले गर्दा अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले 'मध्यपूर्व क्षेत्र विगत दुई दशकको तुलनामा आज शान्त छ' भन्नुभएको थियो । त्यसको ठीक आठ दिनपछि अर्थात् अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गर्दा त्यो स्थिति परिवर्तन भयो । उक्त आक्रमणमा इजरायलमा बस्दै आएका करिब एक हजार १४० स्वदेशी तथा विदेशी मारिएका थिए । यो घटना इजरायलको इतिहासमा सबैभन्दा घातक दिन थियो । करिब २४० जनालाई बन्धक बनाइएको थियो । हमासको उन्मूलन गर्ने वाचा गर्दै इजरायलले गाजाविरुद्ध हवाई आक्रमण गर्यो र त्यसपछि उत्तरी गाजामा आक्रमण गर्‍यो । नोभेम्बरको अन्त्यमा लडाईंमा वार्ताको विरामले लगभग एक सय बन्धकहरूको रिहाई सुनिश्चित गर्‍यो। तर इजरायली सेना दक्षिणी गाजामा प्रवेश गरेसँगै युद्ध फेरि सुरु भयो । प्यालेस्टाइनी नागरिक, जसमा अधिकांश महिला र बालबालिका छन्, को मृत्यु को संख्या बढ्दै जाँदा इजरायलले युद्ध अपराध गरिरहेको भन्ने विश्वव्यापी गुनासोलाई बढावा दिएको छ। इजरायलले उक्त आरोपको खण्डन गर्दै हमासले प्यालेस्टाइनी नागरिकलाई मानव ढालको रुपमा प्रयोग गरिरहेको तर्क गरेको छ ।

**सैन्य विद्रोह र लोकतन्त्र विरोधी गतिविधि-**

नागरिक स्वतन्त्रताका लागि गठन गरिएको अमेरिकी संस्था 'फ्रिडम हाउस'ले सन् २०२२ मा विश्वव्यापी स्वतन्त्रता र लोकतन्त्रमा ह्रास आएको लगातार सत्रौं वर्ष घोषणा गरेर वर्ष (सन् २०२३)को सुरुवात गरेको थियो । मानौं यो कुरा प्रमाणित गर्न अफ्रिकाको सैन्य 'कू' को आतङ्क जारी रह्यो । गत जुलाईमा नाइजरको सेनाले प्रजातान्त्रिक ढङ्गबाट निर्वाचित राष्ट्रपतिलाई अपदस्थ गरेको थियो । छिमेकी राज्यहरूले 'कू' फिर्ता नलिए हस्तक्षेप गर्ने धम्की दिए पनि माली र बुर्किना फासोमा सञ्चालित सैन्य शासकहरूले त्यसको जवाफमा युद्धको धम्की दिएका छन् । अगस्टमा, ग्याबोनको सेनाले सत्ता कब्जा गर्‍यो र अन्तत: चुनाव गर्ने अस्पष्ट प्रतिज्ञाहरू गरे ।

थाइल्याण्डमा मे महिनामा भएको चुनावमा एउटा नयाँ प्रगतिशील पार्टीले सबैभन्दा बढी सिट जितेको छ । यद्यपि, अँध्यारो कोठामा भएको सम्झौताले सैन्य समर्थक सरकारको गठनलाई सुनिश्चित गर्दै चुनावको सबैभन्दा ठूलो विजेतालाई बाहिरबाट हेर्न बाध्य बनायो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना विरोधीहरूलाई 'कीरा' को संज्ञा दिँदै आफू ह्वाइट हाउस पुन: प्राप्त गरेमा 'पहिलो दिनबाहेक' तानाशाह नहुने बताउनुभएको छ । समग्रमा भन्नुपर्दा लोकतन्त्रका लागि यो वर्ष राम्रो देखिएन ।

## विश्व समाचार

### उत्तर कोरियाली नेता किमद्वारा सेनालाई सम्भावित 'युद्ध'को तयारी गर्न निर्देशन

सियोल, १५ पुस (रासस/एएफपी) ।

उत्तर कोरियाली नेता किम जोङ उनले सियोलमा आणविक आक्रमणको नयाँ धम्की र प्रायद्वीपमा 'कुनै पनि बेला भड्किन सक्ने' युद्धको तयारीका लागि सैन्य शस्त्रागार निर्माण गर्न आदेश दिएर वर्षको अन्त्य गरेको उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले आइतबार जनाएका छन् । नेता किमले सन् २०२४ का लागि आफ्नो देशको सैन्य, राजनीतिक र आर्थिक नीतिगत निर्णयका लागि तय गरिएको पाँच दिनको पार्टी बैठकको अन्त्यमा लामो भाषणका क्रममा संयुक्त राज्य अमेरिकाको आलोचना गर्नुभएको थियो । बैठकले आगामी वर्षमा थप तीन वटा जासुसी उपग्रह प्रक्षेपण गर्ने, मानवरहित ड्रोन निर्माण गर्ने र इलेक्ट्रोनिक युद्ध क्षमता विकास गर्ने, साथै आणविक र क्षेप्यास्त्र बललाई सुदृढ पार्ने लगायत थप सैन्य विकासको योजना घोषणा गरेको 'कोरियन सेन्ट्रल न्यूज एजेन्सी (केसीएनए)' ले जनाएको छ । प्योङयाङले यसै वर्ष सफलतापूर्वक टोही उपग्रह प्रक्षेपण गरी आफ्नो संविधानमा आणविक शक्तिको रूपमा आफ्नो स्थान स्थापित गरेको घोषणा गरेको छ । उत्तर कोरियाले आफ्नो शस्त्रागारमा सबैभन्दा उन्नत अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल (आईसीबीएम) को परीक्षण गरेको छ । केसीएनएका अनुसार शनिबार सम्पन्न बैठकमा किमले संयुक्त राज्य अमेरिकाले 'विभिन्न प्रकारका सैन्य खतरा' खडा गरेको आरोप लगाउनुभएको थियो र आफ्नो सेनालाई 'युद्ध प्रतिक्रियाका लागि अत्यधिक क्षमता' कायम राख्न आदेश दिनुभएको थियो । किमले भन्नुभयो, "कोरियाली प्रायद्वीपमा शत्रुहरूले हामीमाथि आक्रमण गर्न दुस्शाहसी कदम चालेका कारण कुनै पनि बेला युद्ध भड्किन सक्छ भन्ने कुराको पुष्टि हो ।" प्योङयाङलाई रोक्नका लागि वासिङ्टनले यसै महिनाको सुरुमा दक्षिण कोरियाको बन्दरगाह शहर बुसानमा आणविक शक्तिसम्पन्न पनडुब्बी तैनाथ गर्नुका साथै सियोल र टोकियोसँगको अभ्यासमा लामो दूरीका बमवर्षक विमान उडाएको थियो । यसअघि उत्तर कोरियाले कोरियाली प्रायद्वीपमा संयुक्त अभ्यासमा वासिङ्टनका बी-५२ बमवर्षकजस्ता रणनीतिक हतियार तैनाथ गर्नुलाई 'जानाजानी आणविक युद्ध उत्तेजक कदम' को संज्ञा दिएको थियो ।

किमले भन्नुभयो, "हामीले सम्भावित आणविक सङ्कटको शीघ्र जवाफ दिनुपर्छ र आपतकालीन अवस्थामा आणविक शक्तिलगायत सबै भौतिक साधन र शक्ति परिचालन गरेर दक्षिण कोरियाको सम्पूर्ण भूभागलाई शान्त पार्ने तयारीलाई तीव्रता दिनुपर्छ । बैठकमा किमले दक्षिण कोरियासँग अब मेलमिलाप र पुन: मिलनको प्रयास नगर्ने बताउँदै सियोल र वासिङ्टनका कारण उत्पन्न 'अनियन्त्रित सङ्कटको स्थिति' रहेको बताउनुभएको थियो । प्योङयाङको जासुसी भू-उपग्रह प्रक्षेपणसँगै अन्तरकोरियाली सम्बन्ध यस वर्ष निकै बिग्रिएको छ, जसका कारण सियोलले सन् २०१८ मा भएको सैन्य सम्झौतालाई आंशिक रूपमा स्थगन गरेको छ । "मलाई विश्वास छ कि यो एक गल्ती हो जुन हामीले अब हामीलाई 'मुख्य शत्रु' को रूपमा घोषणा गर्ने शक्तिलाई मेलमिलाप र एकीकरणका लागि समकक्षीको रूपमा सोच्नु हुँदैन," नेता किमलाई उद्धृत गर्दै केसीएनएले भनेको छ । किमले सीमापार मामिला हेर्ने विभागहरूको पुन: गठनका लागि 'आधारभूत रूपमा दिशा परिवर्तन गर्न' उपायहरू कोर्न आदेश दिनुभयो । सियोलस्थित इवा विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक लीफ इस्लेले उत्तर कोरियाको महत्वपूर्ण सैन्य क्षमतामा जोड दिइएको बताउनुभयो । "राज्य नियन्त्रित मिडियाले प्रकाशन गर्ने अधिकांश समाचार रिसाइकल प्रोपोगान्डा हो", उहाँले भन्नुभयो, "प्योङयाङको आक्रामक बयानबाजीले उसको सैन्य कदम निरोधका लागि मात्र नभई आन्तरिक राजनीति र अन्तर्राष्ट्रिय दबाबका लागि पनि हो भन्ने देखाउँछ । प्योङयाङले गत वर्ष आफूलाई 'अपरिवर्तनीय' आणविक शक्ति घोषणा गरेको थियो र उसले आफ्नो आणविक कार्यक्रम कहिल्यै नछोड्ने बताउँदै आएको थियो। संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले उत्तर कोरियाले सन् २००६ मा पहिलो पटक आणविक परीक्षण गरेदेखि नै आणविक र ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रम रोक्न आग्रह गर्दै थुप्रै प्रस्ताव पारित गरिसकेको छ ।

### रूसको सीमावर्ती शहर बेल्गोरोडमा युक्रेनी गोलाबारीमा २१ जनाको मृत्यु

कीएभ, १५ पुस (रासस/सिन्ह्वा) ।

युक्रेनले रूसको सीमावर्ती शहर बेल्गोरोडमा गरेको गोलाबारीमा तीन बालबालिकासहित २१ जनाको मृत्यु हुनुका साथै ३० वटा अपार्टमेन्टभवनमा क्षति पुगेको छ । बेल्गोरोड क्षेत्रका गभर्नर व्याचेस्लाभ ग्ल्याडकोभले आइतबार दिएको जानकारीमा रूसले शुक्रबारदेखि निरन्तर रूसका अन्य शहरहमा जस्तै बेल्गोरोडमा पनि आक्रमण गरिरहेको बताउनुभएको छ । "मृतकको सङ्ख्या २१ पुगेको छ, जसमध्ये तीन जना बालबालिका रहेका छन् । घटनामा १७ बालबालिकासहित ११० जना घाइते भएका छन् । अहिलेसम्म ३० वटा अपार्टमेन्ट भवन, ३४४ वटा अपार्टमेन्ट, तीन वटा निजी घर, कैयौं व्यवसाय र सामाजिक सुविधामा क्षति भएको छ,' ग्ल्याडकोभले सामाजिक सञ्जालमा लख्नुभएको छ । यसैबीच, रूसी रक्षा मन्त्रालयका अनुसार बेल्गोरोड र सो क्षेत्रमा युक्रेनको सशस्त्र बलले शुक्रबार र शनिबार गोलाबारी गरेको थियो । रूसले युद्धसामग्रीको साथ दुई रकेटहरू र एक बहु प्रक्षेपण रकेट प्रणालीबाट शहरको केन्द्रमा आक्रमण गरिएको छ । मन्त्रालयले शनिबार हवाई प्रतिरक्षा प्रणालीले रकेट र अधिकांश गोलालाई रोकेको र शुक्रबार राति बेल्गोरोड क्षेत्रको भूभागमा १३ वटा रकेट नष्ट गरेको जनाएको छ । त्यस्तै, युक्रेनको सुरक्षा सेवाको अज्ञात स्रोतलाई उद्धृत गर्दै युक्रेनी स्थानीय सञ्चारमाध्यमले युक्रेनी सेनाले बेल्गोरोड क्षेत्रमा रहेको रूसी सैन्य शिविरमा आक्रमण गरेको जनाएको छ । युक्रेनका शहरहरूमा रूसी क्षेप्यास्त्र आक्रमण र सर्वसाधारणको हत्याको परिणामस्वरूप युक्रेनको रक्षा बलको संयुक्त गतिविधि जारी रहेको स्रोतले जनाएको छ । शुक्रबार रूसले युक्रेनमा हवाई आक्रमण गर्दा ३० जनाको मृत्यु हुनुका साथै १६० जना घाइते भएको युक्रेनी अधिकारीहरूले बताएका छन् ।

# बालकुमारीमा भएको प्रदर्शनमा पक्राउ परेका सबै रिहा

काठमाडौँ, १५ पुस (रासस)।

ललितपुरको बालकुमारीमा शुक्रबार भएको प्रदर्शनमा पक्राउ परेका ७३ जनालाई प्रहरीले रिहा गरेको छ।

रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरिया जान भाषा परीक्षाको आवेदन भर्न पाउनुपर्ने माग राख्दै भएको प्रदर्शनका क्रममा पक्राउ परेका उनीहरुलाई छाडिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिनुभयो। उहाँका अनुसार सो प्रदर्शनका क्रममा थुनामा रहेका सबै रिहा भएका हुन्।

उहाँले भन्नुभयो, "प्रदर्शनका क्रममा पक्राउ परेका सबैलाई छोडिएको छ र उनीहरुलाई मुद्दा नचलाउने निर्णय भएको छ।" भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला चढ्ने गाडीमा आगजनी गरी भौतिक सम्पत्तिमा समेत तोडफोड गरेको आरोपमा प्रहरीले उनीहरुलाई पक्राउ गरी थुनामा राखेको थियो।

उक्त प्रदर्शनका क्रममा दैलेखको महाबु गाउँपालिका-६ का २३ वर्षीय सुजन रावत र अछामको चौरपाटी गाउँपालिका-१ का २२ वर्षीय बीरेन्द्र शाहको मृत्यु भएको थियो। सरकारले ज्यान गुमाएका रावत र शाहका परिवारलाई जनही रु १० लाखका दरले राहत उपलब्ध गराउने निर्णयसमेत गरेको छ।

# सन् २०२३ मा प्रेस स्वतन्त्रता हननसम्बन्धी ५८ घटना दर्ता

काठमाडौँ, १५ पुस (रासस)।

नेपाल पत्रकार महासङ्घले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवालमा सन् २०२३ सन्तोषजनक नरहेको जनाएको छ। महासङ्घद्वारा आइतबार जारी एक विज्ञप्तिमा यस वर्ष प्रेस स्वतन्त्रता हननसम्बन्धी ५८ घटना अभिलेख भएको उल्लेख छ।

"विगतका वर्ष मा जस्तै यसवर्ष पनि प्रेस स्वतन्त्रता हननका विभिन्न घटना नेपाल पत्रकार महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा अभिलेख भएका छन्। यसवर्ष पत्रकारको पेशागत असुरक्षा मुख्य चुनौतिको विषय बनेको छ", विज्ञप्तिमा भनिएको छ

महासङ्घका अनुसार सन् २०२३ मा अघिल्लो वर्ष सन् २०२२ को तुलनामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हननका घटना बढेका छन्। सन् २०२२ मा प्रेस स्वतन्त्रता हननका ५३ वटा घटना रेकर्ड भएका थिए।

सन् २०२३ मा विभिन्न घटनामा १३ पत्रकार महिला र ७४ पुरुष पत्रकार प्रभावित भएका छन्। सन् २०२२ मा एक सय ३२ पुरुष र १८ पत्रकार महिला प्रभावित भएका थिए। त्यस्तै सन् २०२४ मा पाँच वटा सञ्चार संस्था प्रभावित बनेका छन् भने २०२२ मा छ वटा सञ्चार संस्था प्रभावित भएका थिए।

नेपाल पत्रकार महासङ्घले सन् २०२३ मा विभिन्न सञ्चार गृहमा देखिएका श्रम समस्या अर्थात् पेशागत असुरक्षालाई मुख्य चुनौतिको रुपमा लिएको उल्लेख गरेको छ। सञ्चार प्रतिष्ठानमा देखिएका श्रम समस्यालाई महासङ्घले दबाबमूलक आन्दोलन, कानुनी लडाइँ तथा वार्ता र संवादसमेतको माध्यमबाट समाधानको पहल गरिरहेको जनएको छ।

महासङ्घले सन् २०२४ मा श्रम समस्याको दीर्घकालीन समाधानका लागि कानुनी व्यवस्थालाई थप बलियो बनाएर त्यसको कार्यान्वयनका लागि पहल गर्ने प्रतिवद्धता जनाएको विज्ञप्तिमा उल्लेख छ।

"राजनीतिक दलका नेता र सरकारका जिम्मेवार पदमा बसेका व्यक्तिबाट पटक-पटक प्रेसमाथि विभिन्न प्रकारका आरोप लगाउने, पुष्टि नहुने तर्कसहित समग्र मिडियाप्रति नै लाञ्छित गर्नेलगायतका कार्य सन् २०२३ मा भएका छन्", महासङ्घले भनेको छ, "महासङ्घ राजनीतिक दल र सरकारका विभिन्न पदमा बसेका व्यक्तिलाई पदीय मर्यादा, विश्वव्यापी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अधिकारप्रति प्रतिवद्ध हुन आग्रह गर्दछ।"

सरकारले सन् २०२३ मा सञ्चारसम्बन्धी कानुन निर्माणमा सुस्तता देखाएको महासङ्घको टिप्पणी छ। महासङ्घकै संलग्नतामा मस्यौदा भएका सञ्चारसम्बन्धी कानुन यथाशीघ्र प्रक्रियामा लैजान महासङ्घले सरकारको ध्यानाकर्षण गराएको छ। सञ्चारसम्बन्धी कानुनहरू ल्याउँदा नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हक तथा पूर्ण प्रेस स्वतन्त्रतालगायतका व्यवस्था ख्याल गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारलाई महासङ्घले सचेत गराउँदै आएको महासङ्घले बताएको छ।

### *स्वास्थ्य बीमा...*

सामुदायिक अस्पतालमा लागू हुनेछ। गरीब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अशक्त, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयंसेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिर्नु नपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ।

बोर्डमा हालसम्म ७४ लाख बीमित भइसके पनि करिब ४७ लाख मात्र सक्रिय रहेका छन्। विसं २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुऱ्याउनका लागि स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको थियो। अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा बोर्डले रु एक लाखसम्म बीमित परिवारले निःशुल्क उपचार सेवा पाउने छन्।


सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौ। तसर्थ कानका रोगीहरुले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ।





**शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी**

दर्ताको लागि सम्पर्क स्थान :

प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी

मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)

सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784

प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर

सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal

Committed to the Prevention of Disability

इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र

राजविराज-९ मलेठ, सप्तरी


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील

## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट बञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट बञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ विपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*